# नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## नेपालगञ्ज, बाँके
## ५ नं. प्रदेश, नेपाल
## प्रस्ताव आह्वान सम्बन्धि सूचना
## (प्रथम पटक प्रकाशित मितिः २०७५।१२।२७)

नेपालगञ्ज उप-महानगरपालिकाको चालु आ.ब.०७५।०७६ का लागि स्वीकृत बार्षिक नगर बिकास योजना अन्तर्गत विषयगत शाखाका कार्यक्रमहरु मध्येको बित्तीय समानीकरणबाट समावेश भएका कार्यक्रम तर्फ महिला तथा बालबालिका शाखा अन्तर्गतको ७ दिने नगर स्तर सीप तथा व्याबसायिक बिकास तालिमका लागि विनियोजित बजेट रु ३६००००,( तिन लाख साठी हजार मात्र)बाट अटो रिक्सा चलाउने तालिम र महिला लक्षित कार्यक्रम अर्न्तगतको च्याउ खेती तालिम, पोते बुनाइ लगायतका तालिमहरु सञ्चालनका लागि रु ३०००००।-(अक्षरुपी तीन लाख मात्र) बाट यस सूचनामा उल्लेखित तालिमहरु स्थानीय गैर सरकारी संस्था मार्फत् संचालन गर्नुपर्ने भएकोले तोकिएको शर्तका अधिनमा रही काम गर्न ईच्छुक संस्थाहरुद्वारा देहायमा उल्लेख भए बमोजिम आवश्यक कागजात संलग्न राखि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्राविधिक र आर्थिक प्रस्ताव अलग-अलग खाममा शिलबन्दी गरि पेश गर्नहुन यसै सूचनाद्धारा सूचित गरिन्छ ।

(१) सरकारी निकाय तथा यस उप-महानगरपालिकामा व्यवसाय, सेवा दर्ता तथा नविकरण भएको, (२) संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम विच तालमेल भएको, (३) क्षेत्रगत कार्यको अनुभव भएको, (४) आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको, (५) आ.व.२०७४।०७५ सम्मको लेखा परिक्षण सम्पन्न गरेको, (६) आ.व.२०७४।०७५ को कर चुक्ता गरेको, (७) उप-महानगरपालिकामा बुझाउनु पर्ने सबै प्रकारका कर चुक्ता गरेको, (८) आफ्नै कार्यालय भएको वा घर भाडामा लिई कार्यालय संचालन गरेको, (९) विगतमा स्थानीय तह संगको सहकार्यमा काम गरेको अनुभव, (१०) उप-महानगरपालिकाको नगर सभामा संस्थाको वार्षिक कार्यक्रम पेश गरेको, (११) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको, (१२) प्रस्ताव पेश गर्नुपूर्व सो सम्बन्धि कार्यक्षेत्रगत शर्त ToR र कार्यक्रमको Check list अनिवार्य रुपमा लिई सो बमोजिम प्रस्ताव तयार गरेको हुनुपर्नेछ, (१३ ) प्रस्ताव दाताले प्रस्ताव पेश गर्दा माथि उल्लेखित दुबै कार्यक्रमहरुमा छुट्टा छुट्टै प्रस्ताव पेश गर्न सक्नेछन तर प्रत्येक प्रत्येक प्रस्ताव पेश गर्दा नाम स्पष्ट खुलाई अलग-अलग पेश गर्नुपर्नेछ, एउटा संस्थाबाट प्राप्त २ वटा मध्ये बढिमा एउटा प्रस्तावमात्र छनौट गरिनेछ, (१४) प्रस्तावदाताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ, (१५) सबै आवेदकहरुलाई छनौट प्रकृयाको नतिजा सार्वजनिक सूचना मार्फत जानकारी गराइनेछ, (१६) प्राप्त भएका सबै प्रस्तावहरु १६ औं दिनका दिन सरकारी कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाताको रोहवरमा खोलिनेछ र प्रस्तावदाता उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन, (१७) छनौट सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

(१८) दस्तुरः प्रति क्लष्टर रु ५००।-(पाचसय मात्र), यस उ.म.न.पा.को राजस्व शाखामा नगद दस्तुर (फिर्ता नहुने गरि) बुझाएको रसिद पेश गर्नुपर्नेछ ।

(१९) लक्षित समूह दलित,जनजाति आदिवासी,मुस्लीम,पिछडावर्ग, लोपोन्मुख तथा गरीव वर्गलाई प्राथमिकतामा राखि समूहगत रुपमा काम गर्ने संस्थालाई प्राथमिकता दिईनेछ ।

(२०) प्रकाशित सूचना यस कार्यालयको सूचना पाटी तथा **website: www.nepalgunjmun.gov.np** मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीका लागिः **नेपालगञ्ज उप-महानगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय,**
**फोन नं. ०८१-५२०१५१, ५२०३३८, ५२०२४०**

प्रमुख प्रशासकीय अधिकृत

हरि प्याकुरेल